# Capacity Building Training of Center Mobilizer

## 2076 Baisakh 08, Birendranagar Regional Office




काठमाण्डौ, नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड क्षेत्रीय कार्यालय बिरेन्द्रनगर, सुर्खेतमा २१ जना केन्द्र परिचालकहरुको उपस्थितीमा मिति २०७६ बैशाख ८ गते **"Capacity Building Training Of Center Mobilizer"** सम्पन्न गरिएको छ ।




क्षेत्रीय कार्यालयका लेखापाल श्री धनकृष्ण भट्टले स्वागत मन्तब्य राख्नुको साथै तालिमको उद्देश्यको बारेमा जानकारी गराउनु भयो । तालिम कार्यक्रममा क्षेत्रीय प्रमुख श्री राज कुमार पोखेलले निर्धन उत्थान वित्तिय संस्थाको परिचय र परिचालकहरुको कार्य सम्पादन लक्ष्य प्रगतीको अवस्था सम्बन्धी कक्षा संचालन गर्दै कर्जा जोखिम ब्यवस्थापन सम्बन्धी, कर्जा सदूपयोगिता, सदस्य तथा ऋणी वृद्धि गर्ने उपाय सम्बन्धमा तालीम दिने क्रममा परिचालकहरुलाई एक आपसमा कार्य अनूभव साटासाट गर्न लगाउनु भएको थियो । तालिममा १० वटा

शाखामा कार्यरत २१ जना केन्द्र परिचालकलाई प्रभावकारी ग्राहक सम्बन्ध, अन्तरवैयक्तिक सम्बन्ध, कर्जा विश्लेषण आदि बारेमा कार्यक्रम अधिकृत श्री  निरज आचार्यले तालिम प्रदान गर्नु भएको थियो ।



तालिमको क्रममा कार्य क्षेत्रमा उत्कृष्ठ केन्द्र परीचालकबाट ७ जना केन्द्र परिचालकहरु क्रमशः शंकर नेपाली, पबित्रा शाही, जगतराम शाही, प्रतिमा शर्मा, शान्ति खनाल, सरीता लिम्बु र पबित्रा देबी घिमिरेले सदस्यता वृद्धि, ऋणी सदस्य थप, कर्जा सदुपयोगीता तथा जोखिम कर्जा असुली संबन्धमा आ-आफ्नो अनुभब सबै सहभागीलाई सेयर गर्नु भएको थियो ।

तालिमको अन्तमा सहभागिको तर्फबाट बाल कुमारी बि.क र हेम प्रकाश भुषालले  तालिमको समिक्षा तथा मुल्यांकन गर्दै तालिम अत्यन्तै राम्रो भएको र आफुहरुले अझै राम्रो गर्ने प्रतिवद्धता जनाएका थिए । तालिमको समापन क्षेत्रीय प्रमुख श्री राज कुमार पोखेलले गर्नु भएको थियो ।

